# संघीय संसद

# राष्ट्रिय सभा

# छैटौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १८ असार २०७७

# बिहीबार

# (बैठक सङ्ख्या–३५)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहीबार दिउँसोको २:३० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म यस छैटौं अधिवेशन अवधिमा राष्ट्रिय सभाबाट सम्पादन गरिएका मुख्य-मुख्य काम कारबाहीको संक्षिप्त विवरण सभा समक्ष जानकारी गराउँदछु ।

संघीय संसद राष्ट्रिय सभाको छैटौं अधिवेशनको पहिलो बैठक मिति २०७७ साल बैशाख २६ गते शुक्रबार अपराह्न ४ बजे प्रारम्भ भई २०७७ साल असार १८ गते बिहीबारसम्म जम्मा ३१ दिन चालु रह्यो । यस अवधिमा बैठक बसेका ३१ दिनहरूमा ३५ वटा बैठक बसी ६० घण्टा ५० मिनेट सभाको काममा व्यतित् भयो । सभाले यस अधिवेशन अवधिमा देहाय बमोजिमका १३ वटा विधेयकहरू पारित गरेको छ । यस अधिवेशन अवधिमा सभाले पारित गरेका विधेयकहरूः-

(१) राष्ट्रिय खेलकुद विधेयक, २०७५ ।

(२) नेपाल विशेष सेवा विधेयक, २०७६ ।

(३) नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ ।

(४) विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ ।

(५) बिउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ ।

(६) नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ ।

(७) विनियोजन विधेयक, २०७७ ।

(८) आर्थिक विधेयक, २०७७ ।

(९) राष्ट्र ऋण उठाउने विधेयक, २०७७ ।

(१०) ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ ।

(११) केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ ।

(१२) संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध व्यवस्थापन विधेयक, २०७७ ।

(१३) नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७६ ।

माननीय सदस्यहरू, चालु अधिवेशन आजको दिनमा अन्त्य हुँदैछ र आज हामी यस्तो बेलामा अधिवेशन अन्त्य गर्दैछौं कि विश्व नै कोभिड-१९ को महामारीबाट आक्रान्त भएको छ । र यस सन्दर्भमा योसँगै मनसुनको सिजन बाढी पहिरोको प्रकोपहरू यत्तिकै हुने, डुबानको प्रकोप पनि हुने यो बेला हुँदै हो । यसकारण म के अपक्षा गर्दछु भने राष्ट्रिय सभाका सम्पूर्ण माननीय सदस्यहरू आफू सतर्क रहने, कोभिड-१९ लाई नियन्त्रण गर्नको लागि जनचेतना जगाउने, सावधानी अपनाउने, आफू सतर्क रहने र समुदाय घर परिवारदेखि राष्ट्रको सबै नागरिकलाई सचेत र सतर्क गराउने कुरामा महत्वपूर्ण भूमिका खेल्नु हुनेछ । त्यसको साथसाथै सम्भावित बाढी, पहिरो र डुबानको खतराहरूलाई मध्येनजर गर्दो आम नागरिकसँग सँगै रहेर यसको न्यूनीकरण गर्ने, समस्या आइपरेमा राहत र उद्धारमा लाग्ने र नागरिकको जिउ र धनको रक्षा गर्ने कुरामा अग्र मोर्चामा यहाँहरू खट्नु हुनेछ भन्ने मैले अपेक्षा लिएको छु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त भई सभाबाट पारित गरी फिर्ता गरिएका विधेयकहरूः-

(१) नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ ।

(२) विनियोजन विधेयक, २०७७ ।

(३) आर्थिक विधेयक, २०७७।

(४) राष्ट्र ऋण उठाउने विधेयक, २०७७।

(५) ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७।

(६) केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जागाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७।

सभामा दर्ता भएका देहाय बमोजिमका विधेयकहरू सभामा सैद्धान्तिक छलफल गरी दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएका छन्।

(१) नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६।

(२) नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६।

(३) अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६।

(४) तथ्याङ्क विधेयक, २०७६।

(५) स्ट्याण्डर्ड नाप र तौल (पाँचौ संशोधन) विधेयक, २०७६।

(६) प्रत्ययन (एक्रिडिटेसन) विधेयक, २०७६।

(७) प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६।

यसै अधिवेशनमा माननीय परराष्ट्र मन्त्री प्रदिप कुमार ज्ञावालीले २ पटक र गृह मन्त्री रामबहादुर थापाले १ पटक समसामयिक विषयमा सभामा वक्तव्य दिनु भएको थियो। त्यसैगरि सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीले आर्थिक वर्ष २०७७/७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिनु भएको थियो। यसै अधिवेशन अवधिमा राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन २०७५/७६ र महान्यायधिवक्ताको वार्षिक प्रतिवेदन २०७५/७६ सभा समक्ष पेश गरिएका थिएँ।

त्यसैगरि यसै अधिवेशन अवधिमा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले राष्ट्रिय महत्वका दस्तावेज अभिलेख व्यवस्थापन सम्बन्धी प्रतिवेदन, २०७७ सभा समक्ष पेश गरेको थियो। यसै अधिवेशन अवधिमा संविधान सभा एवम् प्रतिनिधि सभाका सदस्य ज्ञान कुमारी छन्त्याल संविधान सभाका सदस्य प्राध्यापक डा. विश्वनाथ प्रसाद अग्रवाल, शिव नारायण उराव र मेघराज निषाध सहनी र प्रतिनिधि सभाका पूर्वसदस्य दुर्योधन सिंह चौधरीको निधन भएकोमा शोक प्रस्ताव पारित गरिएका थिए।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट चालु अधिवेशन अन्त्य सम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म सो पत्रको व्यहोरा पढेर सुनाउँछु ।

नेपालको संविधानको धारा ९३ को उपधार (२) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/३/१८ को सिफारिसमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०७७ साल असार १८ गते बिहीबार दिन अपराह्न ५ बजेदेखि अन्त्य गरेको छु ।

**(विद्या देवी भण्डारी)**

**राष्ट्रपति**

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालु छैटौं अधिवेशन आजै अपराह्न ५ बजेबाट स्वतः अन्त्य हुने गरी यो बैठक अन्त्य भएको घोषणा गर्दछु ।

**अन्त्यः- दिउँसो २:४० बजे ।**